# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बैठक मिति: २०८२।०८।०७ | बैठक संख्या : ८
बैठक प्रारम्भः | बैठक समापन समय :

आ.व. ०८२।०८३ को **आठौं** कार्यपालिका बैठक मिति २०८२।०८।०७ गते आइतबारको दिन यस सभापोखरी गाउँपालिका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यू को अध्यक्षतामा तपशिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा कार्यापालिका बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भीम बहादुर लिम्बु | गा.पा.अध्यक्ष | | |
| २. | श्री लक्ष्मी चापागाई | गा.पा.उपाध्यक्ष | | |
| ३. | श्री इश्वर पुलामी मगर | वडाध्यक्ष वडा नं. १ | | |
| ४. | श्री राज कुमार राई | वडाध्यक्ष वडा नं.२ | | |
| ५. | श्री दिल बहादुर तामाङ | वडाध्यक्ष वडा नं.३ | | |
| ६. | श्री शुकराज लिम्बु | वडाध्यक्ष वडा नं. ४ | | |
| ७. | श्री मनिष हाङ्गाम लिम्बु | वडाध्यक्ष वडा नं.५ | | |
| ८. | श्री हेमराज राई | का.वा.वडाध्यक्ष वडा नं.६ | | |
| ९. | श्री पृथ्वी नारायण राई | कार्यापालिका सदस्य | | |
| १०. | श्री टंक बहादुर विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| ११. | श्री कविता लिम्बु | कार्यापालिका सदस्य | कविता | |
| १२. | श्री जमुना राई | कार्यापालिका सदस्य | | |
| १३. | श्री शुसिला राई | कार्यापालिका सदस्य | | |
| १४. | श्री बेल कुमारी विश्वकर्मा | कार्यापालिका सदस्य | बेलकुमारी | |
| १५. | श्री बुकु प्रसाद आचार्य | प्रमुख प्रशासकीय अधिकृत | | |

प्रमुख प्रशासकीय अधिकृत

# सभापोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चाहिचिचे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८२।०८।०७ बैठक संख्या : ८

बैठक प्रारम्भः बैठक समापन समय :

**अन्य उपस्थित**

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | सुनिल मगर | कम्प्युटर अपरेटर | | |
| २ | विजय सिंह | प्राविधिक सहायक (कृषि) | | |
| ३ | जेशिका तामाङ | कार्यालय सहयोगी | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |

प्रमुख प्रशासकीय अधिकृत

सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०८।०७ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१</td><td>गाउँसभा (हिउँदे) २०८२ सम्बन्धमा।</td><td>प्रस्ताव नं १ माथि छलफल गर्दा यस सभापोखरी गाउँपालिकाको आ.व. २०८२।०८३ को हिउँदे गाउँसभा (१६औं) मिति २०८२।०८।१६ गते मंगलबारको दिन ११ बजे आह्वान गर्ने निर्णय पारित गरियो।</td></tr>
<tr><td>२</td><td>आयोडिन नुन सम्बन्धमा।</td><td>प्रस्ताव नं २ माथि छलफल गर्दा नेपाल सरकारबाट सहुलियत दरमा सभापोखरी गाउँपालिकालाई ७०,००० के.जी. (१४०० बोरा) प्राप्त भएकोमा वडाका प्रत्येक घरधुरीलाई २५ के.जि. को दरले नुन वितरण गर्ने निर्णय पारित गरियो। तपसिल अनुसार तपसिल बमोजिमका ढुवानीकर्तालाई नुन ढुवानीका लागि जिम्मेवारी तोक्ने निर्णय पारित गरियो।
<table>
<tr><th>क्र.स.</th><th>ढुवानीकर्ता</th><th>वडा नं</th><th>उपलब्ध गराउनुपर्ने नुन</th><th>प्रति के.जि. रु</th><th>कै.</th></tr>
<tr><td>१</td><td>सुवास कालाखेती</td><td>१</td><td>१५,५०० के.जी.</td><td>१२</td><td></td></tr>
<tr><td>२</td><td>सुवास कालाखेती</td><td>२</td><td>१२,७५० के.जी.</td><td>१२</td><td></td></tr>
<tr><td>३</td><td>चन्द्र वहादुर लिम्बु</td><td>३</td><td>१२,७५० के.जी.</td><td>१३</td><td></td></tr>
<tr><td>४</td><td>सुवास कालाखेती</td><td>४</td><td>६,५०० के.जी.</td><td>१३</td><td></td></tr>
<tr><td>५</td><td>सुवास कालाखेती</td><td>५</td><td>४,५०० के.जी.</td><td>१४</td><td></td></tr>
<tr><td>६</td><td>सुवास कालाखेती</td><td>६</td><td>१८,००० के.जी.</td><td>१३</td><td></td></tr>
</table></td></tr>
<tr><td>३</td><td>कृषि तर्फको कार्यक्रमहरु बाँडफाँड सम्बन्धमा।</td><td>प्रस्ताव नं ३ माथि छलफल गर्दा आर्थिक वर्ष ०८२।०८३ को कृषि औजार तथा उपकरण आयोजनामा रकम रु ९,००,००० (अक्षरेपी रु नौ लाख मात्र) विनियोजन भएकोमा ५०% अनुदान कार्यक्रममा तपसिल बमोजिमको कृषि औजार तथा उपकरण खरिद गर्ने निर्णय गरियो।
<table>
<tr><th>क्र.स.</th><th>उपकरण।औजार</th><th>कार्यालयबाट विनियोजित रकम</th><th>अनुदान प्रतिशत</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>मिनि टिलर</td><td>६,००,०००</td><td>५० %</td><td></td></tr>
<tr><td>२</td><td>झार फाड्ने मेसिन</td><td>३,००,०००</td><td>५० %</td><td>वडा नं ४ र ५ को लागि</td></tr>
</table></td></tr>
<tr><td></td><td>आलुको बिउ खरिद तथा वितरण सम्बन्धमा।</td><td>प्रस्ताव नं ४ माथि छलफल गर्दा विउ विजन खरिद शिर्षकमा वडा नं २ को लागि ३,००० के.जि. आलुको बिउ खरिद गरी पहिले वितरण नभएको/ नगरिएको स्थानमा वितरण गर्ने र रु ३०,००० (अक्षरेपि रु तिस हजार मात्र) को विषादी खिरिद गर्ने निर्णय पारित गरियो।</td></tr>
<tr><td>५</td><td>गाउँपालिका कप सञ्चालन समिति गठन सम्बन्धमा</td><td>प्रस्ताव नं ५ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ मा गाउँपालिका कप सञ्चालन गर्नका लागि सभापोखरी गाउँपालिका अन्तर्गत सभापोखरी खेलकुद विकास समितिलाई द्विपक्षीय सम्झौता गरी जिम्मा दिने निर्णय गरियो।</td></tr>
<tr><td>६</td><td>खेलकुदको खर्च व्यवस्थापन सम्बन्धमा।</td><td>प्रस्ताव नं ६ माथि छलफल गर्दा स्थानीय खेलाडीहरु जिल्ला स्थित पालिका वा संघसंस्था बाट आमन्त्रण भई खेलकुदमा समावेश गर्न पठाउँदा बिल भरपाई प्रमाण र अवस्था समेतलाई मध्यनजर गरी बजेटको परिधिभित्र रहि गाउँपालिका अध्यक्षले तोकआदेश गरे बमोजिमको रकम भूक्तानी दिने निर्णय गरियो।</td></tr>
<tr><td>७</td><td>काठमाडौं महानगरपालिकालाई धन्यवाद ज्ञापन सम्बन्धमा।</td><td>प्रस्ताव नं ७ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको जनताको सेवा सुविधाको लागि काठमाडौं महानगरपालिकाले यस सभापोखरी गाउँपालिकालाई एम्बुलेन्स प्रदान गरेकोमा काठमाडौं म.न.पा.लाई हार्दिक धन्यवाद ज्ञापन दिने निर्णय गरियो।</td></tr>
</table>

| | | |
|---|---|---|
| ८ | आयोजनाको क्रसर सञ्चालन सम्बन्धमा। | प्रस्ताव नं ८ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको कार्यालय र जे एण्ड डब्लु-रिजन एण्ड रियाना-मिसम एण्ड भिजन जे.भी. बिच भएको सडक कालोपत्रे गर्ने खरिद सम्झौता बमोजिम बाहबिसे ढके खाँदबारी सडक कालोपत्रे योजनाको लागि सभाखोला आसपासको क्षेत्रमा क्रसर गरी गिट्टी, बालुवा, बेस र [illegible] उत्पादन गर्न क्रसर मेसिन राखी सञ्चालन गर्ने अनुमती माग गरेकोले बाहबिसे ढके खाँदबारी सडक कालोपत्रे प्रयोजनको लागी मात्र सभापोखरी गाउँपालिका वडा नं ६ को लामी बगर देखि ऐ. वडाको सातबिसे सम्मको क्षेत्रमा वातावरणमा प्रतिकुल असर नपर्ने गरी मोटरेवल पुलको आसपासमा नपर्ने गरी गिट्टी बालुवा, बेस, संकलन गरी क्रसर सञ्चालन गर्नका लागि सभापोखरी गा.पा. को आर्थिक ऐनमा उल्लेख भएअनुसार राजस्व दाखिला गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को (ध) को ६ र [illegible] दिएको अधिकार प्रयोग गरी आयोजना सम्पन्न भएपछि स्वत बन्द हुने गरी क्रसर सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो। |
| ९ | NWASH कार्यक्रमको लागि बजेट विनियोजन सम्बन्धमा। | प्रस्ताव नं ९ माथि छलफल गर्दा सभापोखरी गाउँपालिका र खानेपानि सिंचाई तथा उर्जा मन्त्रालय कोशी प्रदेश विराटनगर सँग भएको MOV अनुसार सभापोखरी गाउँपालिकाको **NWASH, Programme** सँचालन गर्न सभापोखरी गा.पा. को चालु तर्फ जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास तालिम बजेट खर्च शिर्षक २२५१२ बाट खर्च गर्ने गरी रु १,८३,०००।– विनियोजन गर्ने निर्णय गरियो। |
| १० | केलाङ साकेला पार्क जग्गा व्यवस्थापन सम्बन्धमा। | प्रस्ताव नं १० माथि छलफल गर्दा सभापोखरी गाउँपालिका स्तरीय केलाङ साकेला पार्क व्यवस्थापनको लागि सभापोखरी गाउँपालिकाले प्राप्त गर्ने सामाजिक उत्तरदायित्वको बजेटबाट रु १३,००,००० (अक्षेपि रु तेह्र लाख मात्र) व्यवस्थापन गर्न र वडा नं ३ मा निर्मित दिदिङबेसी अनुग्रह बाप्तिस चर्च को रकम रु ३,००,०००।०० भूक्तानी दिन अर्बिट ईनर्जी प्रा. लि. हाँडिगाउँ काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो। |
| ११ | डि.ए.पि. र युरिया मल ढुवानी तथा वितरण सम्बन्धमा। | प्रस्ताव नं ११ माथि छलफल गर्दा कृषि सामाग्री कम्पनी लिमिटेड बाट प्राप्त पत्रानुसार सभापोखरी गाउँपालिकाको लागि निर्णय तथा बाँडफाँड भई प्राप्त भएको युरिया मल १५ मे.ट. (३०० बोरा) डिएपि मल २० मे.ट. (४०० बोरा) कृषि सामाग्री संस्थानबाट बुझिलिई ढुवानी तथा विक्री वितरण गर्न बाहबिसे सभापोखरी बचत तथा ऋण सहकारी संस्था सभापोखरी ३ लाई स्वीकृति दिने निर्णय गरियो। उक्त मल कृषकहरुलाई विक्री वितरण गर्दा विराटनगरमा परेको परल मूल्यमा ढुवानी तथा नाफा र सहकारीमा रहने भाग समेत गरी प्रति के जि ९ रुपैंया मात्र थप गरी लिन पाउने निर्णय गरियो। |
| १२ | गाउँसभामा प्रस्ताव पेश गर्ने सम्बन्धमा। | प्रस्ताव नं १२ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको १६ औं गाउँसभामा सभापोखरी गाउँपालिकाको आ व ०८२।०८३ को हाल सम्मको कार्यपालिका निर्णय अनुमोदनको लागि ६ नं वडाध्यक्ष श्री जितेन्द्र सेम्बो फागोलाई जिम्मा दिने र बेरुजु सम्परिक्षणको प्रस्ताव लेखा समिति संयोजक श्री पृथ्वी नारायण राईलाई जिम्मा दिने निर्णय गरियो। |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत